# म्याग्दे गाउँपालिकाबाट उपलब्ध गराउने सेवाका मापदण्डहरू–२०७९

मिति २०७९/०२/३० गतेको कार्यपालिकाबाट स्वीकृत

**परिचय**

नेपालको संविधानले तीन तहले शासन व्यवस्था उपलब्ध गरेको छ। तीन तहको सरकारले उपलब्ध गराउने सेवा, (अधिकारका सूचीहरू) संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लेख गरिएको छ। स्थानीय तहको अधिकार नेपालको संविधानको अनुसूची ८ मा एकल अधिकार सूची र अनुसूची ९ मा साझा अधिकार सूचीको व्यवस्था गरिएको छ। स्थानीय तहले उपलब्ध गराएको सेवालाई प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी गरिएको छ। सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि समय समयमा सङ्घीय तथा प्रदेश सरकारबाट विभिन्न आदेश परिपत्र जारी भएको सो समेतको आधारमा म्याग्दे गाउँपालिकाबाट उपलब्ध गराउने सेवालाई प्रभावकारी बनाउन मिति २०७९/०२/३० गतेको कार्यपालिकाको निर्णय अनुसार निम्न मापदण्ड/आधारमा गरिने छ।

१. सेवा प्रवाह

- शासकीय प्रणालीको अवलम्वन गर्दा नेपालको संविधानमा गरिएका व्यवस्था अवलम्वन गर्ने। वार्षिक बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा सङ्घ र प्रदेशले तोकेका मापदण्ड नीति तथा कार्यक्रमको पालना गरिने।
- स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ को पूर्ण पालना गरिने।
- म्याग्दे गाउँपालिकाबाट जारी भएका ऐन, कानुन, निर्देशिका तथा कार्यविधिहरू बमोजिम गरिने।
- विधि, प्रक्रिया तथा गाउँ कार्यपालिकाको बैठक तथा गाउँ सभाबाट भएका निर्णयहरूको कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाबाट उपलब्ध गराइने सेवा तोकिएको शाखा र शाखामा कार्यरत कर्मचारी तथा पदाधिकारीबाट गुणस्तरीय सेवा उपलब्ध गराउने।
- गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारीको नियमित बैठक बसी सेवा प्रवाहको स्थिति, समस्या आदिको पहिचान गरी निरन्तर सुधारमा जोड दिने।

२. न्यायिक समिति

- न्यायिक समितिबाट हुने न्याय सम्पादन नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तोकिएको क्षेत्र र परिधिभित्र रही गाउँपालिकाको न्यायिक समिति सञ्चालन कार्य विधि तथा मेलमिलाप समिति सञ्चालनसम्बन्धी कार्यविधि बमोजिम गर्ने।
- न्यायिक समितिको प्रतिवेदन नियमित रूपमा पेश गर्ने। न्यायिक समितिमा कानुनी सहजकर्ता तथा प्रमुख प्रशासकीय अधिकृतले तोकिएको कर्मचारीले गर्ने र प्रमुख प्रशासकीय अधिकृतले सहजीकरण गर्ने।

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ्, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

३. विषयगत शाखा (कृषि, पशु सेवा, शिक्षा, महिला विकास, स्वास्थ्य शाखा)

- विषयगत शाखाले काम गर्दा प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निर्देशनमा रही प्रचलित कानुन बमोजिम सेवा प्रवाह गर्ने । प्रमुख प्रशासकीय अधिकृतलाई गाउँपालिका अध्यक्ष तथा विषयगत समितिले निर्देशन दिन सक्नेछन् । प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो निर्देशनको पालना गर्नु गराउनु पर्नेछ ।
- विषयगत शाखाका कर्मचारीहरूले नियमित सेवा प्रवाहको क्रममा देखिएका समस्याको बारेमा नियमित रूपमा विषयगत समितिसँग छलफल गर्ने र कार्यपालिकामा छलफलको लागि सिफारिस गर्ने । शिक्षा शाखाले यस गाउँपालिकाका सबै विद्यालयहरूको व्यवस्थापनसम्बन्धी कार्य गर्ने, स्वास्थ्य शाखाले सम्पूर्ण स्वास्थ्य संस्था, कृषि र पशु सेवा शाखाले तोकिएका सेवा केन्द्रहरू व्यवस्थापन गर्ने ।

४. योजना तथा प्राविधिक शाखा

- गाउँपालिकाको स्वीकृत कार्यक्रम तोकिए बमोजिम समयमै सम्पन्न गर्ने ।
- अनुगमन प्रणाली तथा मूल्याङ्कन प्रणालीको व्यवस्थापन गर्ने ।
- उपभोक्ता समिति र गाउँपालिकाबीच हुने सम्झौता वडा कार्यालयमा नै गरिने ।

५. वडा कार्यालयको व्यवस्थापन

- यस गाउँपालिकामा रहेका ७ वटै वडा सचिवको नियमित व्यवस्था गर्ने र वडा सचिव तोक्दा स्थायी कर्मचारीहरूमध्येबाट तोक्ने ।
- वडा सचिवको सम्पूर्ण कार्य प्रणालीलाई व्यवस्थापन गर्न वडा सचिवहरू पालिकामा आउँदा उनीहरूको सम्पर्क शाखा वा सम्पर्क कर्मचारी तोकी सेवा प्रवाहलाई प्रभावकारी बनाउने, वडा कार्यालयमा वडाध्यक्ष र वडा सचिवबीच पारस्परिक समन्वय र सहकार्यमा कार्य गर्ने वातावरण बनाउने र वडा सचिवको नियमित बैठक राख्ने ।
- प्राविधिक शाखाको कामलाई वडा तहसम्म बाँडफाँड गरी निजहरू वडा कार्यालयमा नै रहने गरी सेवा प्रवाह व्यवस्थित बनाउने । सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली बैङ्किङ प्रणालीमा आवद्धता गराउने । सेवा प्रवाह गर्दा विद्युतीय प्रणाली अवलम्वनमा जोड दिने ।

६. साझा मापदण्डहरू

- सबै कर्मचारीहरूले अनिवार्य रूपमा तोकिएको पोषाक लगाउने र परिचयपत्र प्रयोग गर्ने ।
- सेवाग्राहीसँग सेवामैत्री भावले प्रस्तुत हुने ।
- सेवाको गुणस्तरमा विशेष ध्यान दिने ।
- कार्यपालिकाको निर्णयहरू पालना गर्ने ।
- तोकिएको निर्देशन र समयको पालना गर्ने ।
- राजनैतिक तटस्थता कायम गर्ने र प्रशासनिक प्रतिवद्धताको पालना गरी सेवा प्रवाह गर्ने ।

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग तनहुँ
गण्डकी प्रदेश,नेपाल
२०७३

७. सेवा प्रवाहका नवीन प्रविधिहरू सम्बन्धमा

- घुम्ती सेवा प्रणाली विस्तार गर्ने ।
- नागरिक बडापत्र अक्षरांश पालना गरिने ।
- उजुरी पेटिका र गुनासो दर्ता व्यवस्थापन प्रभावकारी कार्यान्वयन गर्ने ।
- सूचना अधिकारी लगायतका सेवाका नवीन विधिको अवलम्वन ।
- New Public Management (NPM), New Public Service (NPS), Good Governance, New Public Potion (NPP) का विषयवस्तुहरूमा राम्रा विषयहरूको प्रयोग क्रमशः बढाउदै लगिने ।

८. अन्य शाखाहरूको सम्बन्धमा

गाउँपालिकामा रहेका प्रधानमन्त्री रोजगार, सूचना प्रविधि अधिकृत, MIS शाखा लगायतका कार्यक्रमसँग सम्बन्धित कर्मचारीहरूले तोकिए बमोजिम सेवा उपलब्ध गराउने, नागरिकले शासन प्रतिको अपनत्व सेवा प्रवाहबाट झल्कने हुँदा सेवा प्रदायकलाई उच्च मनोबलका साथ सेवामा लाग्ने वातावरण बनाई सङ्घीय शासन प्रणालीलाई सफल बनाइने गरी कार्य प्रभावकारी रूपमा अगाडि बढाइनेछ ।

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग तनहुँ
गण्डकी प्रदेश नेपाल
२०७३